छत्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

सेवा करारमा नगर प्रहरी(व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि,२०८०

छत्रकोट गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०८०।०९।१२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०९।१२

सेवा करारमा नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८०

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुर्याउनको लागि वाञ्छनीय भएकोले,

छत्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ तथा छत्रकोट गाउँपालिकाको नगर प्रहरी(संचालन तथा व्यवस्थापन)ऐन, २०७६ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद — १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "सेवा करारमा नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "अध्यक्ष" भन्नाले छत्रकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) प्रमुख प्रशासकिय अधिकृत भन्नाले छत्रकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(३) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४" सम्झनु पर्दछ ।

(४) "कार्यविधि" भन्नाले छत्रकोट गाउँपालिकाकाको सेवा करारमा नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(५) "कार्यालय" भन्नाले छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(६) "नगर प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका नगर प्रहरी लाई सम्झनु पर्दछ ।

(७) "समिति" भन्नाले दफा ६ (२) बमोजिमको पदपूर्ती समितिलाई सम्झनुपर्दछ ।

(८) "गाउँपालिका" भन्नाले छत्रकोट गाउँपालिकाकालाई बुझ्नुपर्दछ ।

परिच्छेद — २

नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. गाउँपालिका र नगर प्रहरीको सम्बन्धः गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी नगर प्रहरी नियुक्त गरिनेछ । समस्त नगर प्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

४.गाउँपालिकामा रहने नगर प्रहरीको संख्या, पद र तह :

(१) गाउँपालिकामा रहने नगर प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

परिच्छेद — ३

नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरीका काम, कर्तव्य र अधिकारहरुः-

१. सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले अनाधिकृतरूपमा निर्माण गरेको देखिएमा उक्त निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने।

९. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने ।

१२. गाउँपालिकाको शान्ति सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको संरक्षण गर्ने ।

१३. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको विक्री वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गरी शान्ति सु व्यवस्थामा खलल पुराउने व्यक्ति वा पसलहरुलाई कारवाही गर्ने ।

१४. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने ।

१५. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने।
१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।
१७. बजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्यसूची राख्न लगाउने तथा चेक गर्ने ।
१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, जस्ता व्यवसायीक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा आफ्नो गाउँपालिकामा जानकारी गराउने ।
१९. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुम्रपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँपालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।
२०. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।
२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।
२२. बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधनहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।
२३. गाउँपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।
२४. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुर्याउने ।
२५. विपद, महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।
२६. गाउँपालिका भित्रका शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।
२७. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।
२८. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।
२९. गाउँपालिकाले तोकिए बमोजिमाका अन्य कार्यहरु गर्ने/गराउने ।
३० नगर प्रहरी सहायक निरीक्षकले नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने नगर प्रहरी जवानहरुले नगर प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

परिच्छेद — ४

पदपूर्ती र योग्यता

६.पदपूर्ती गर्ने तरिकाः नगर प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछः

(१) नगर प्रहरीको छनौट खुल्ला प्रतियोगिताद्वारा हुनेछ ।यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला : ४३ प्रतिशत

(ख) आदिवासी जनजाती : २७ प्रतिशत

(ग) दलित : २० प्रतिशत

(घ) अल्पसंख्यक : १० प्रतिशत

(२) नगर प्रहरी को पदपूर्तीका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ ।

(क) प्रमूख प्रशासकीय अधिकृत संयोजक

(ख) जिल्ला प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि/ईलाका प्रहरी कार्यालयको कार्यालय प्रमुख सदस्य

(ग) प्रशासन शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी सदस्य सचिव

उपदफा २ प्रयोजनकोलागि समितिले आवश्यक्ता अनुसार विषय विज्ञलाइ समितिमा सदस्यको रूपमा राख्न सक्नेछ

(३) पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) शारीरिक परीक्षण : शारीरिक परीक्षणको लागि **दफा ७ को उपदफा १ को (ङ), (च),(छ) र (ज) तथा उपदफा २ को (ङ), (च), (छ) र (ज)** लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिनेछैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरे पश्चात मात्र देहाय बमोजिम मूल्यांकन गरी उम्मेदवारहरु लाई लिखित परीक्षामा समावेश गरिनेछ ।

(ख) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

(ग) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ । छत्रकोट गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ ।

(घ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल भई काम गरेकोलाई प्रति वर्ष १ अंकको दरले अधिकतम ५ अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

(ङ) लिखित परीक्षाः लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ।

(च) अन्तरवार्ताः अन्तरवार्ताको लागि पूर्णाङ्क ३० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(छ) समितिले एक जना अध्यक्ष र अध्यक्षले तोकेको सम्बन्धित विषयको विज्ञ समेत रहने गरी कम्तीमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्नेछ ।

(४) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, बिज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फाराम उपर छानबिन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्रम सूची तयार गर्ने ।

(ङ) नियुक्तिका लागि सिफारिस गर्ने ।

७. खुल्ला प्रक्रियाद्वारा पदपुर्ति हुने पदको आवश्यक योग्यताः

(१) नगर प्रहरी सहायक निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ।

(क) २१ वर्ष पुरा भइ र ३० वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनितिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती फुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाण पत्र पाएको।

(२) नगर प्रहरी जवान पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ।

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ बर्ष पुगेको र २५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

(च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाण पत्र पाएको।

परिच्छेद — ५

बिज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा सम्बन्धी व्यवस्था

८. बिज्ञापन सम्बन्धी व्यवस्थाः- समितिले नगर प्रहरी पदपूर्तिको लागि विज्ञापन गर्नुपर्दा अनुसूची-१ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको वेवसाइट,जिल्ला स्तरको दैनिक पत्रिका,सूचना पाटी र अन्य कुनै सार्वजनिक स्थलमा १५(पन्ध्र) दिनको म्याद सहितको सूचनाको सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्थाः- प्रकाशित बिज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची—२ बमोजिम दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नु पर्नेछ । खुल्ला र समावेशी तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ ।दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची-३ बमोजिमको प्रवेश पत्र पाउनेछन्।

१०. नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्नेः- पदपुर्ति समितिले योग्यताक्रम निर्धारण गरी सोही बमोजिम सूचिकृत समेत गरी नगर प्रहरी कर्मचारी छनौट भएको नतिजा जिल्लास्तरको दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी,

वेबसाईट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ ।यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित बिज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ ।

११. सिफारिस तथा नियुक्तिः दफा १० बमोजिम कार्य सम्पन्न भए पश्चात पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

परिच्छेद — ६

करार सम्बन्धी व्यवस्था

१२. करारः

(१) गाउँपालिकाले छनौट भई सिफारीस भएका उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अबधी भित्र करार सम्झौता गर्न उम्मेदवारसँग कार्यालयले अनुसूची—४ बमोजिम ढाँचामा करार गर्नुपर्नेछ । उक्त अबधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।.

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-५ बमोजिम पत्र कार्यालयले नगर प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यबिधि बमोजिम करार गर्दा ६ महिना देखि बढिमा १ बर्षसम्मका लागि मात्र करार गर्नु पर्नेछ तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अबस्थामा स्थानीय तहले कामको बोझ र अबधी हेरीकरारको अबधी घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्यसम्पादन मुल्याङ्कन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप गरिनेछ ।

(६) नगर प्रहरी कर्मचारीले स्वच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारीगराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अबसर दिईनेछैन ।

परिच्छेद ७

१३. कार्य शर्त, पारिश्रमिक र अबधिः (१) यस कार्यबिधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक यस कार्यविधिको अनुसुची ७ मा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउनेस्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले स्थलगत वा बस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिनेछैन ।

(३) कार्यालयले करारका नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानीगर्दा निजले महिनाभरी गरेको कामको बिबरण (Time sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(४) यस कार्यबिधि बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेका आधारमा पछि कुनैपनी पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनैपनी दाबी गर्न पाउनेछैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अबधी एक पटकमा ६ महिना वा १ बर्ष भन्दाबढी हुनेछैन ।

(६) करार सम्झौता गरिएको नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानबिन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अबस्थामा करारवाट हटाउन सकिनेछ ।

परिच्छेद — ८

विदा सम्वन्धी व्यवस्था

१४. बिदा अधिकारको कुरा होइनः (१) नगर प्रहरी कर्मचारीले अधिकारको रूपमा विदाको दावी गर्न पाइने छैन।

(२) विदा स्विकृत गर्ने अधिकारीले आफ्नो स्व विवेकले विदा स्विकृत वा अस्विकृत गर्न सक्नेछ ।विदा स्विकृत नगराइ कार्यालयमा अनुपस्थिति नगर प्रहरी कर्मचारीलाइ गयल गरी तलव कट्टा गरिनेछ ।

(३) नगर प्रहरीको बिदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य बिदाको बिषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

परिच्छेद — ९

आचरण

१५. नगर प्रहरी कर्मचारीले देहाय वमोजिमको आचरण पालना गर्नुपर्ने छः

(१) गाउँपालिका अध्यक्ष वा आफ्नो तालुक अधिकारीवाट दिएको आदेश पालना गर्नु प्रमुख कर्तव्य हुनेछ ।

(२) गाउँपालिकाको स्विकृत वेगर कुनै व्यापार व्यवसाय गर्न पाइने छैन ।

(३)गाउँपालिकामा आफ्नो कर्तव्य पालनको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सुचनाहरू गाउँपालिकाको अख्तियारी विना कोही कसैलाइ जानकारी गराउनु वा दिनुहुदैन ।

(४) पदमा रहदा गाउँपालिकाको नीति विरूद्द सामाजिक संजालवाट कुनै पनि किसिमको प्रशारण गर्न वा गर्न लगाउन पाइनेछैन ।

(५) निर्वाचनमा कुनै पनि राजनैतिक दलकोलागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनुहदैन । तर प्रचलित कानुन वमोजिम गोप्य मतधिकारको प्रयोगमा भने वाधा पर्नेछैन ।

(६) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफु वा परिवारका सदस्य समेतले गाउँपालिकाको पुर्व स्विकृती विना कोहि कसै संगवाट दान, वक्स पुरस्कार व उपहार स्विकार गर्नुहुदैन ।

(७) आफ्नो स्वार्थ वाझिने कुनै पनि किसिमको क्रियाकलाप गर्न वा अनुचित प्रभाव पार्न पाइने छैन ।

(८) गाउँकार्यापालिकाले गरेका निर्णय कार्यन्वयन गर्नुपर्नेछ ।

परिच्छेद — १०

सजाँय र पुनारावेदन

१६. सजाँयः (१) नैतिक आचरण विपरीत वा कार्यालयको निति विरूद्द कार्य गरेको वा आफ्नो कर्तव्य पालना नगरेको भनी उचित प्रमाण र कारण भएका प्रशासन शाखा प्रमुखको सिफारीसमा नगर प्रहरी कर्मचारीलाइ प्रमुख प्रशासकिय अधिकृतवाट देहाय वमोजिम सजाँय गर्न सकिनेछः

क. नसहित दिने

ख. तलव रोक्का वा कट्टा गर्ने

(२) सेवावाट वर्खास्तः नगर प्रहरी कर्मचारीलाइ सेवावाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित प्रमुख प्रशासकिय अधिकृतको सिफारिसमा कार्यापालिकाको निर्णय अनुसार सेवावाट वर्खास्त वा हटाउन सकिनेछ ।तर यस प्रयोजनकोलागि निजलाइ कारवाहि गर्नु भन्दा अगाडी निजलाइ सफाइको मौका दिइनेछ ।

विविध

१७. नगर प्रहरीको सेवा र सुविधा नगर प्रहरीको चाड पर्ब खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका बिषयमा गाउँ कार्यपालिकाले वेला वेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

१८. पोशाकः नगर प्रहरीले डिउटी समयमा लगाउने पोशाकको रंग अनुसूची—६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ ।

१९. डिउटी अबधिः नगर प्रहरीको डिउटी अबधि बिहान ६ बजेदेखि साँझ ८ बजेसम्म रहनेछ । प्रत्येक नगर प्रहरीले तालिका बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी गर्नुपर्ने समय मिलाइनेछ ।

२०. व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकारः यस कार्यबिधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

२१. अमान्य हुनेः यस कार्यबिधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा छत्रकोट गाउँपालिकाको स्थानीय कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची — १

(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा लिनेसम्बन्धी सूचना ।

(सूचना प्रकाशन मितिः)

छत्रकोट गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यपालिकाको मिति............. को निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको...................... बैंकमा रहेको...खाता नं...मा राजस्ब तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

सि.नं.	विज्ञापन नं.	पद	तह	संख्या

१. योग्यता

(क)नगर प्रहरी सहायक निरीक्षकको लागिः

(अ)दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ बर्ष पुगेको र ३० बर्ष ननाघेको,

(आ) मान्यता प्राप्त विश्वविद्यालयवाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,

(इ)नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई)कुनै राजनितिक दलको सदस्य नरहेको,

(उ)पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

(ऊ)छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ)आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाण पत्र पाएको।

(ख)नगर प्रहरी जवानको लागिः

(अ)दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ बर्ष पुगेको र २५ वर्ष ननाघेको,

(आ)मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभूत तह उत्तीर्ण गरेको,

(इ)नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ई)कुनै राजनीतिक दलको सदस्य नरहेको,

(उ)पुरुष उम्मेदवारको लागि घटिमा ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि घटिमा ५ फिट उचाई भएको ।

(ऊ)छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ऋ)आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(ऐ) नेपाली नागरिकता प्रमाण पत्र पाएको।

२. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत बिबरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्बयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायवाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ।

३. परीक्षाको किसिमः शारीरिक परीक्षण, लिखित र अन्तर्वार्ता ।

४. परीक्षा केन्द्रः गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

५. दरखास्त दस्तुरः तह अनुसार तोकिनेछ ।

६. तलब स्केलः गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

अनुसूची – २

(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

<u>करारको लागि दरखास्त फाराम</u>

(क) वैयक्तिक विवरण

	नाम थर	(देवनागरीमा)			
		(अंग्रेजी ठूलो अक्षरमा)			लिङ्गः
	नागरिकता नंः		जारी गर्ने जिल्ला :		मिति :
स्थायी ठेगाना	क) जिल्ला	ख) न.पा./गा.वि.स.		ग) वडा नं	
	घ) टोल :	ङ) मार्ग/घर नं. :		च) फो नं.	
पत्राचार गर्ने ठेगाना :				ईमेल	
बाबुको नाम, थर :		जन्म मिति :	(वि.सं.मा)	(ईस्वि संवतमा)	
बाजेको नाम, थर :			हालको उमेर :	वर्ष	महिना

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

आवश्यक न्यूनतम योग्यता	विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था	शैक्षिक उपाधि/तालिम	संकाय	श्रेणी/प्रतिशत	मूल विषय
शैक्षिक योग्यता					
तालिम					

(ग) अनुभव सम्बन्धी विवरण

कार्यालय	पद	सेवा/समूह/उपसमूह	श्रेणी/तह	स्थायी/अस्थायी/करार	अवधि	
					देखि	सम्म

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप		उम्मेदवारको दस्तखत
दायाँ	बायाँ	
		मितिः
कार्यालयले भर्नेः		
रसिद/भौचर नं. :	रोल नं. :	
दरखास्त अस्वीकृत भए सो को कारण :		
दरखास्त रुजु गर्नेको नाम र दस्तखतः मिति :	दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत मिति :	

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

अनुसूची — ३

(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

परीक्षा प्रवेश-पत्र

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेद्वारले दस्तखत गर्ने

उम्मेद्वारले पालन गर्नुपर्ने नियमहरु

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा वस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने दिनमा पनि प्रवेश पत्र ल्याउनु अनिवार्य छ।
४. परीक्षा शुरु हुन भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछी आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेद्वारले परीक्षामा वस्न पाउने छैन।
५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछि मात्र उम्मेद्वारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ।
६. परीक्षा हलमा प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेद्वारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
७. परीक्षा हलमा उम्मेद्वारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिम कार्वाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेद्वारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ।
८. विरामी भएको उम्मेद्वारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुनेछैन।
९. उम्मेद्वारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ।
१०. कार्यालयको सूचना द्वारा निर्धारण गरेको कार्यक्रमअनुसार परीक्षा संचालन हुनेछ।
११. उम्मेद्वारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्ध हुनेछ।

परीक्षार्थीले भर्नेः-

क.विज्ञापन नं.:	खुला / समावेशी समूह
ख.पद /श्रेणीः	ग.परीक्षा केन्द्रः
घ.ऐच्छिक प्राज्ञिक विषयः	च.न्यूनतम शैक्षिक योग्यताको मूल विषयः
ङ. थप पत्र/विषयः	
छ. उम्मेद्वारको	नाम, थरः
	दस्तखतः

कार्यालयको कर्मचारीले भर्नेः

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त ठहर नभएमा जुनसुकै अजस्थामा पनि यो अनुमित रद्द हुनेछ।

रोल नं.

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल **परीक्षा प्रवेश-पत्र**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेद्वारले दस्तखत गर्ने

उम्मेद्वारले पालन गर्नुपर्ने नियमहरु

१२. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा वस्न पाइने छैन।
१३. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
१४. लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता हुने दिनमा पनि प्रवेश पत्र ल्याउनु अनिवार्य छ।
१५. परीक्षा शुरु हुन भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछी आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेद्वारले परीक्षामा वस्न पाउने छैन।
१६. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको) बितेको १० मिनेट पछि मात्र उम्मेद्वारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइनेछ।
१७. परीक्षा हलमा प्रवेश गरेपछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेद्वारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।
१८. परीक्षा हलमा उम्मेद्वारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिम कार्वाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेद्वारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिनेछ।
१९. विरामी भएको उम्मेद्वारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा कार्यालय जवाफदेही हुनेछैन।
२०. उम्मेद्वारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ।
२१. कार्यालयको सूचना द्वारा निर्धारण गरेको कार्यक्रमअनुसार परीक्षा संचालन हुनेछ।
२२. उम्मेद्वारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्ध हुनेछ।

परीक्षार्थीले भर्नेः-

क.विज्ञापन नं.:	खुला / समावेशी समूह
ख.पद /श्रेणीः	ग.परीक्षा केन्द्रः
घ.ऐच्छिक प्राज्ञिक विषयः	च.न्यूनतम शैक्षिक योग्यताको मूल विषयः
ङ. थप पत्र/विषयः	
छ. उम्मेद्वारको	नाम, थरः
	दस्तखतः

कार्यालयको कर्मचारीले भर्नेः

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त ठहर नभएमा जुनसुकै अजस्थामा पनि यो अनुमित रद्द हुनेछ।

रोल

अनुसूची — ४
(दफा १२ (२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)
करार सम्झौता

छत्रकोट गाउँकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ....जिल्ला, ...नगरगाउँपालिका/गाउँगाउँपालिका, वडा नं. ..... बस्ने श्री .... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच ....गाउँपालिकाको... पदमा कामकाज गर्न गराउन मिति २०८ /......./......को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।
२. काम गर्नु पर्ने स्थान :...।
३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ....(अक्षरेपी...)पारिश्रमिक उपलब्ध गराउनेछ ।
४. अन्य सेवा सुविधाः प्रथम पक्षले दोस्रो पक्षलाई कार्यालयको कामकाजको लागि कार्यालय वाहिर पठाउदा नियमानुसारको भ्रमण भत्ता उपलव्ध गराउनेछ। दोस्रो पक्ष (स्वीकृत दरवन्दी भित्रकोमात्र) लाई कम्तीमा ६(छ) महिना करार सेवा गरेमा सालवसाली रुपमा १(एक) महिनाको आधारभूत पारिश्रमिक बरावरको चाडपर्व खर्च उपलव्ध गराउने छ।
४. आचरणको पालनाः दोश्रो पक्षले यस गाउँगाउँपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।
५. विदाः दोस्रो पक्षलाई सञ्चित भई जिम्मेवारी नसर्ने गरी महिनामा १(एक) दिन घर विदा, क्रिया विदा बढीमा १५ दिन, सुत्केरी विदा अघिपछि गरी बढीमा ६० दिन(महिला कर्मचारीको लागि) उपलव्ध गराईने छ।
६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।
७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ती दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।
८. करार अवधिः यो करार २०८... ।........।..........देखि लागु भई २०८.....असार मसान्त सम्मको लागि हुनेछ । तर करार गरिएको पदमा कहिँ कतैवाट स्थायी पदपूर्ती भइ आएमा सोहि वखत यो संझौता स्वतः समाप्त हुनेछ।
९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।
१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई जानकारी नगराई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको विषय प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

गाउँगाउँपालिका तर्फबाट :	दोस्रो पक्ष (करार गर्ने व्यक्ति):
हस्ताक्षर :	हस्ताक्षर :
नाम :	नाम :
पद :	पदः
मितिः	मितिः
कार्यालयको छापः	ठेगानाः

रोहवरमा वस्ने व्यक्तिको

नामः

पदः

दस्तखतः

मिति

अनुसूची — ५
(दफा १२ (३) सँग सम्बन्धित पत्रको ढाँचा)

छत्रकोट कार्यपालिकको कार्यालय
चोगया,गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं. मितिः
प.सं.

श्री ....,
ठेगाना ....

विषयः सेवा करार सम्बन्धमा ।

तपाईलाई मिति २०८...।....।... निर्णयानुसार पदपूर्ती समितिवाट सिफारिस गरिए बमोजिम .... (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०८....।....।... देखि २०८....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँगाउँपालिकाका कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

....
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।
श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।
श्री वडा कार्यालय, ...
गाउँ/नगर कार्यपालिकाको कार्यालय ।

अनुसूची — ६

(दफा १८ सँग सम्बन्धित पोशाक बिबरण)

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

क.सं.	विवरण	रङ	संख्या	खपत अवधि
१	टेरिकन सर्ट र पाइन्ट		२	१ वर्ष
२	व्यारेट क्याप		१	२ वर्ष
३	सिठ्ठि र सिठ्ठि कर्ड		१	१ वर्ष
४	वेभ वेल्ट		१	२ वर्ष
५	वुट		१ जोर	१ वर्ष
६	क्रुम व्याज		१ जोर	५ वर्ष
७	टोपी व्याज		१	५ वर्ष
८	वर्सादि		१	३ वर्ष
९	मोजा		२ जोर	१ वर्ष
१०	स्विटर		१	३ वर्ष
११	ज्याकेट		१	३ वर्ष

अनुसूची — ७

(दफा १७ सँग सम्बन्धित तलवको बिबरण)

स्थानीय सरकार

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

क.सं.	पद	आधारभुत तलवमान रू	रासन भत्ता	कैफियत
१.	नगर प्रहरी जवान	१७५००।	३०००।	
२.	नगर प्रहरी हवल्दार	१९५००।	३०००।	
३.	नगर प्रहरी सहायक निरीक्षक	२२०००।	३०००।	